# नेपाल आयल निगम लिमिटेडको

## प्रेस विज्ञप्ती

(मिति : २०७५।२।२९)

नेपाल आयल निगम लिमिटेडको बबरमहलस्थित सभा हलमा विभिन्न १२ विद्यार्थी संगठनहरूका प्रतिनिधिहरू र निगम बिच पेट्रोलियम पदार्थको आपूर्ति, भण्डारण, अन्तर्राष्ट्रिय बजार मूल्य, नेपाल भारत सिमा मूल्य अन्तर, २०७१ असोजबाट नेपाल सरकारको निर्णय अनुरुप शुरु भएको स्वतः मूल्य निर्धारण संरचनाको कार्यान्वयन लगायत हाल निगमले आन्तरिक सुधारको लागि शुरुवात गरेको टैंकट्रक लकिङ्ग प्रणाली, पेट्रोलियम पाईपलाईनको कार्य प्रगति जस्ता विषयमा अन्तर्क्रियात्मक छलफल भयो र विद्यार्थी वर्गबाट केही महत्वपूर्ण विषयहरूमा अत्यन्त सान्दर्भिक सुझावहरू सहित पछिल्लो मूल्य समायोजनहरू फिर्ता लिइ दिन निगम समक्ष अनुरोध समेत भयो ।

गत सालको यसै महिनामा कच्चा तेलको मूल्य अन्तर्राष्ट्रिय बजारमा करीव यु.एस. डलर ४५ प्रति व्यारेल रहेकोमा हाल आएर यु.एस. डलर झण्डै ८० प्रति व्यारेल पुगेको कारणले गर्दा नेपाल आयल निगमले बाध्य भई स्वीकृत स्वतः मूल्य निर्धारण संरचना बमोजिम खरिद मूल्य बमोजिम बिक्री मूल्य समायोजन गर्दै जानुपरेको र विशेष गरी छिमेकी देश भारतमा गतवर्ष देखि दैनिक रुपले मूल्य समायोजन हुने गरेको कारणबाट अत्यधिक सिमा मूल्य अन्तरले आपूर्ति व्यवस्था सहज बनाईराख्न चुनौतिपूर्ण रहेको स्थिति निगमले जानकारी गरायो । पछिल्लो १ जून २०१८ मा प्राप्त नयाँ मूल्य अनुरुप मूल्य वृद्धि भई समायोजन गरेपश्चात् पनि अझै पेट्रोलमा रु. १।५९ प्रति लिटर र डिजेलमा रु. ३।४९ प्रति लिटर र एल.पि. ग्यासमा प्रति सिलिण्डर रु. १३९।३९ घाटा र हवाई इन्धन/मट्टितेलको नाफा मिलान गर्दा पनि प्रति महिना रु. ३७ करोडको घाटा रहेकोमा एल.पि. ग्यासको घाटा रकम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहमतिमा मूल्य स्थिरीकरण कोषबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था मिलाएको तथा हाल भारतमा भन्दा नेपालमा अझै पनि प्रति लिटर पेट्रोल रु. २२।- र डिजेल रु. २५।- ले सस्तो कायम रहेको सन्दर्भ समेत गम्भीरतापूर्वक मनन गरिदिनुहुन निगमले विद्यार्थी वर्गलाई अनुरोध गर्‍यो ।

तसर्थ विद्यार्थीवर्गलाई विगतमा एल.पि. ग्यासमा सहुलियत दिने भनी नेपाल सरकारबाट भएको निर्णयको विषयमा समयानुकुल अध्ययन गरी मूल्य स्थिरीकरण कोषबाट के-कसरी सहुलियत दिन सकिन्छ, सो तर्फ नेपाल सरकारको समन्वयमा आवश्यक गृहकार्य गर्ने तथा समग्र पेट्रोलियम पदार्थको बैकल्पिक व्यवस्थाहरूको लागि रणनीतिक उपायका क्षेत्रहरू पहिल्याई आवश्यक कार्यहरू गरी मुलुकलाई स्वावलम्बी बनाउने र निगमभित्र थप आन्तरिक सुधारात्मक कार्य गरी उपभोक्ताप्रति जिम्मेवार संस्थाको रुपमा स्थापित गराउने तर्फ सहकार्य गर्ने समेत प्रतिबद्धता निगम व्यवस्थापनको तर्फबाट व्यक्त गरियो ।

नेपाल आयल निगम लि.